मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : ३१ ◆ अङ्क : २८७ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८३ भदौ १९ गते शुक्रबार (Friday, 4 Sept. 2026) नेपाल सम्वत् ११४६ Web : www .purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-


## दुबई पठाइदिन्छु भन्दै ठगी

**काठमाडौं, भदौ १८।** वैदेशिक रोजगारीमा आकर्षक तलबको प्रलोभनमा पारी दुबई पठाइदिन्छु भन्दै रकम ठगी गरेको अभियोगमा काठमाडौं महानगरपालिका–८ बस्ने महोत्तरी बलवा नगरपालिका–९ घर भएका ४० वर्षीय अंसगर नदाफलाई प्रहरीले पक्राउ गरेको छ।

अंसगरले दुबई पठाइदिन्छु भन्दै दुई जनाबाट तीन लाख १२ हजार रूपैयाँ लिई सम्पर्कविहीन भएको भन्ने उजुरीको आधारमा काठमाडौं उपत्यका अपराध

*(बाँकी अन्तिम पृष्ठमा)*

# डीडीसीले दूध संकलन दोब्बर बनाउने

**झापा, भदौ १८।** दूग्ध किसानको बक्यौता भुक्तानी र उत्पादनको ठूलो मात्रा मौज्दातसहित वित्तीय सङ्कटबीच लामो समयदेखि गुज्रिरहेको दूग्ध विकास संस्थान (डीडीसी) ले दैनिक एक लाख ५० हजार लिटर दूध सङ्कलन गर्ने लक्ष्य लिएको छ।

संस्थालने दूध लिएबापतको रकम किसानलाई नियमित रुपमा भुक्तानी दिने व्यवस्था सुनिश्चित गरी दूग्ध सङ्कलन तथा दूग्धजन्य पदार्थको बिक्री केन्द्र विस्तार गरेर दैनिक एक लाख ५० हजार लिटर सङ्कलन गर्ने महत्वाकांक्षी लक्ष्य लिएको हो। किसानबाट दैनिक ६५ हजार लिटर दूध खरिद गर्दै आएको संस्थानले अब थप ८५ हजार लिटर वृद्धि गर्ने लक्ष्य लिएको बताएको छ।

संस्थानका महाप्रबन्धक डा. शरणकुमार पाण्डेले नियमित भुक्तानी व्यवस्थासहित दूग्ध किसानलाई विश्वासमा लिएर उत्पादन तथा बिक्री–वितरणका दृष्टिले उपयुक्त स्थानको पहिचान गरी देशव्यापी रुपमा सञ्जाल विस्तार गरी लक्ष्य हासिल गर्ने योजना रहेको बताए। देशका प्रधानमन्त्रीसहित नेपाल सरकारबाट डीडीसीको बजार प्रवर्द्धनमा अमूल्य योगदान भएकोमा गर्व गर्दै महाप्रबन्धक डा. पाण्डेले भने– सम्माननीय प्रधानमन्त्रीले खुलेरै डीडीसीको महत्वसहित प्रचार गर्नु भएको छ। यसबाट हामी थप उत्साहित भएका छौँ। अहिले परिस्थिति अनुकूल भएकाले स्पष्ट लक्ष्य–योजनासहित परिणाम देखिनेगरी काम गर्नुपर्ने दायित्व थपिएको छ। सरकार र आमउपभोक्ताको अपेक्षाअनुसार गुणस्तरीय उत्पादनसहित डीडीसीलाई आर्थिक रुपले सबल बनाउनेछौँ।

सहकारी संयन्त्रमार्फत सीमित स्थानमा मात्र दूध सङ्कलन हुँदै आएको र किसानले समयमै दूधको मूल्य नपाएको अवस्थालाई सम्बोधन गर्ने पक्षमा संस्थान रहेको स्पष्ट गर्दै पाण्डेले भने– दूध उत्पादनका हिसाबले सम्भावना भएका स्थानमा आवश्यक पूर्वाधारको व्यवस्था गरी सङ्कलन केन्द्र विस्तार गर्नेछौँ।

यसअघिको बक्यौता छिट्टै फरफारक गरी नियमित रुपमा भुक्तानीको व्यवस्था सुनिश्चित गरी किसानको विश्वास जित्नेछौँ। मात्रात्मक एवम् गुणात्मक दृष्टिले दूधको सङ्कलन, उत्पादन तथा बिक्री–वितरणमा जोड दिई लक्ष्य पूरा गर्नेछौँ। संस्थाले किसानको बक्यौता घटाउनुका साथै दूध सङ्कलन तथा बिक्रीदर बढेको



भन्दै पछिल्ला दिनमा दूग्धजन्य वस्तुको मौज्दात घटाएको र नयाँ बजारसहित निर्यातका सम्भावना खोज्न थालेको उनले बताए। आफूले गतवैशाख १८ गते जिम्मेवारी सम्हाल्दा संस्थानसँग करिब ६०० टन धुलो दूध (मिल्क पाउडर), ५०० टन बटर र १० टन पनिर मौज्दात रहेको जानकारी दिँदै उनले त्यसलाई बजारीकरण गरेर मौज्दात घटाइएको बताए। महाप्रबन्धक डा. पाण्डेले भने– चार महिनाअघि किसानलाई करिब रु. ७२ करोड भुक्तानी दिन बाँकी थियो, डीडीसीका कुनै पनि उत्पादन अन्तर्राष्ट्रिय बजारमा निर्यात हुने अवस्था थिएन। तर, अहिले बक्यौता रु. २० करोडमा झरेको छ र उत्पादित वस्तु विदेशमा बिक्री–वितरण भइरहेको छ, यसबाट अपेक्षा गरिए अनुसारको परिणाम दिन सकिन्छ भन्ने विश्वास लिएको छु।

यसैगरी, करिब ६०० धुलो दूधको मौज्दात घटेर करिब १२० टनमा झरेको, ५०० टन हाराहारीमा रहेको बटरको मौज्दात १२५ टन बाँकी रहेको र पछिल्लो तीन महिना १५ दिनभित्र संस्थानले करिब रु. ७० करोड भुक्तानी गरिसकेको डा. पाण्डेले जानकारी दिए। डीडीसीले नियमित रूपमा दूध खरिद गरिरहेकाले भुक्तानी बाँकी रहने रकमलाई क्रमशः व्यवस्थापन गर्दै लैजाने उनको भनाइ छ। आफू महाप्रबन्धक हुँदा आठ महिनाको भुक्तानी बाँकी रहेकामा अहिले दुई महिनाको मात्र बाँकी रहेको उनले जानकारी दिए। उनले भने– अब मासिक र त्यसपछि १५ दिनमा किसानलाई भुक्तानी दिने गरी काम गर्दैछौँ।

संस्थानले बजार विस्तारलाई पनि प्राथमिकतामा राखेर काम गर्दै आएको छ। काठमाडौँमा यसअघि 'डेडिकेटेड' बिक्री काउन्टर नभएको भन्दै उनले अहिले डीडीसीका मात्रै १५ वटा डेडिकेटेड काउन्टर सञ्चालनमा ल्याइएको बताए। यसअघि दैनिक रु. ५० देखि ६० लाख हाराहारीको कारोबार हुने गरेकामा अहिले करिब रु एक करोडको कारोबार हुन थालेको छ। दूध बिक्रीमा वृद्धि भएको उनले बताए। काठमाडौँमा दैनिक दूध बिक्री करिब ६० हजार लिटरबाट बढेर अहिले ७२ हजार लिटर पुगेको छ। त्यस्तै, दैनिक दूध सङ्कलन ५० हजार लिटर हाराहारीबाट बढेर ६५ हजार लिटर पुगेको छ। हाल दूध उत्पादनको तुलनामा औपचारिक बजारमा खपत कम हुने अवस्था रहेको छ। चाडपर्व तथा गर्मी मौसममा घरमै दूध, दही, खीरलगायतका परिकारमा बढी प्रयोग हुने भएकाले औपचारिक बजारमा दूधको खपत घट्ने गरेको उनको भनाइ छ।

संस्थानले आन्तरिक बजारसँगै अन्तरराराष्ट्रिय बजारमा पनि आफ्नो उपस्थिति विस्तार गर्न थालेको भन्दै उनले खाडी मुलुकमा घ्यू निर्यात शुरु भइसकेको बताए। हालै ५०० किलो घ्यु दुबईमा निर्यात गरिएको र वार्षिक ५० हजार किलो घ्यु निर्यात गर्ने सम्झौता भएको महाप्रबन्धक पाण्डेले जानकारी दिए। उनका अनुसार चिज र पेडाकोसमेत माग विदेशबाट आउन थालेको छ। दक्षिण कोरिया, मलेसिया र जापानमा डिडीसीका उत्पादन निर्यातका लागि छलफल भइरहेको पाण्डेले जानकारी दिए।

उनले भने– बजारको माग अनुसार नयाँ उत्पादन थप गर्ने तयारीमा हामी लागेका छौँ। हाल संस्थाले करिब २० प्रकारका उत्पादन गर्दै आएकामा 'स्लाइस चिज' लगायतका उत्पादन बजारमा ल्याउने तयारी भइरहेको छ। बजारमा यस्ता चिजको माग उच्च भए पनि हाल निजी क्षेत्र वा विदेशबाट आयात हुँदै आएको पाण्डेले बताए। मोफसलमा उत्पादन र बजार विस्तार गर्ने रणनीतिअन्तर्गत पोखरामा उत्पादन गर्ने गरी सम्झौताको प्रक्रिया अघि बढाइएको छ।

संस्थाको मुख्य समस्या कर्मचारी सङ्ख्या बढी हुनु र दूध सङ्कलन तथा बजारबीच उचित तालमेल नहुनु रहेकाले यसलाई व्यवस्थापन गर्दै अघि बढेको उनले बताए। डीडीसीमा करिब ८०० कर्मचारीहरु छन्।

## आजबाट ५ दिन लगातार विदा

**झापा, भदौ १८।** आज शुक्रवारबाट ५ दिन लगातार विदा परेको छ।

शुक्रवार श्रीकृष्ण जन्माष्टमी पर्वको विदा छ भने शनिवार र आइतवार नियमित विदा रहेको छ। त्यस्तै सरकारले रसुवाको भोटेकोशी नदीमा गएको बाढीमा ज्यान गुमाएकाहरूको सम्मानमा भदौ २२ गते सोमवार राष्ट्रिय शोक मनाउने निर्णय गरेको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा विहीवार बसेको मन्त्रिपरिषद् बैठकले बाढीमा ज्यान गुमाएकाको सम्मानमा राष्ट्रिय शोक मनाउने निर्णय गरेको सरकारका प्रवक्ता एवम् शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले जानकारी दिए। राष्ट्रिय शोकका दिन नेपालभरका सरकारी कार्यालय तथा विदेशस्थित नेपाली दूतावास र नियोगमा राष्ट्रिय झण्डा आधा झुकाइने छ। त्यस्तै, सरकारले भदौ २३ गते 'जेन–जी' शहीद दिवसका अवसरमा देशभर सार्वजनिक बिदा दिने निर्णय गरेको मन्त्री पोखरेलले जानकारी दिए।

सरकारले भोटेकोशी बाढीबाट प्रभावित नागरिकको उद्धार तथा राहतका लागि एसियाली विकास बैङ्क (एडिबी) बाट प्राप्त हुने पाँच 'मिलियन' अमेरिकी डलर अनुदान स्वीकार गरेको छ।

बैठकले बाढीबाट प्रभावित व्यक्ति, उद्योग, व्यापार–व्यवसायलाई तत्काल सञ्चालनमा ल्याउन एकीकृत व्यावसायिक पुनरुत्थान योजना अन्तर्गत राहत, कर तथा महशुल छुटलगायतका सहुलियत र सुविधा उपलब्ध गराइने निर्णय गरेको छ। सरकारले साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेड र खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडलाई एक प्रतिशत भन्सार महशुलमा २५ हजार मेट्रिक टन चिनी आयात गर्न स्वीकृति दिइएको छ।

**उद्धारमा खटिने कर्मचारीलाई विशेष सुविधा**

सरकारले भोटेकोशी बाढीपछि खोज तथा उद्धारमा खटिएका सुरक्षाकर्मी तथा राष्ट्रसेवक कर्मचारीलाई जोखिम भत्ता र खाजा खर्च उपलब्ध गराउने निर्णय गरेको छ।

यसैगरी उद्धारका क्रममा घाइते भएमा निःशुल्क उपचार तथा मृत्यु भएमा मृतकका परिवारलाई प्रतिमृतक रु. १० लाख राहत उपलब्ध गराइने भएको छ।

मन्त्रिपरिषद् बैठकले नेपाल प्रशासन सेवा अन्तर्गत राजपत्राङ्कित विशिष्ट श्रेणीको सचिव पदमा नारायणप्रसाद भट्टलाई बढुवा गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोशी प्रदेशको प्रमुख सचिवमा पदस्थापन गर्ने निर्णय गरेको प्रवक्ता एवम् मन्त्री पोखरेलले जानकारी दिए।

## अभिनेतामाथि ६४ लाख ठगी आरोपमा अनुसन्धान



**काठमाडौँ, भदौ १८।** अभिनेता डम्बर खतिवडामाथि प्रहरीले अनुसन्धान गरिरहेको छ। तेह्रथुम घर भएका खतिवडा फिल्म अभिनेता हुन्। ठगी सम्बन्धी कसुरमा जाहेरी परेपछि प्रहरीले उनलाई पक्राउ गरेर अनुसन्धान गरिरहेको हो।

खतिवडाबिरुद्ध दुई जना पीडितले ६४ लाख ठगेको कसुरमा जाहेरी दर्ता गराएका छन्। अदालतको पक्राउ पुर्जीको आधारमा उनलाई भदौ ८मा पक्राउ गरिएको जिल्ला प्रहरी परिसर काठमाडौँका एसएसपी दिलीप घिमिरेले जानकारी दिए। उनले भने– 'दुई वटा जाहेरी दर्ता भएको छ, जसको अनुसन्धान हुँदैछ।'

नेपाली मूलकी एक जना बेलायती महिलालाई उनले ४२ लाख ठगेको आरोप छ। बेलायतमा सांस्कृतिक कार्यक्रममा जाँदा चिनजान भएकी महिलासँग ४२ लाख रकम लिएर डम्बर सम्पर्कविहीन भएको प्रहरीको प्रारम्भिक अनुसन्धानको निष्कर्ष छ। ती महिलालाई मायाजालमा पारेर 'विवाह गर्छु' भन्दै उनले रकम लिएको र त्यसपछि सम्पर्कविहीन भएको जाहेरीमा उल्लेख छ।

४२ वर्षीय खतिवडा चारपटक युकेमा आयोजित कार्यक्रममा सहभागी भएको भेटिएको छ। पीडित महिलाले युकेबाट इमेलमार्फत प्रहरीमा जाहेरी पठाएकी हुन्। नेपालमा बस्ने अर्की एक महिलासँग उनले २२ लाख ठगेको आरोप छ। ती महिलाले पनि प्रहरीमा जाहेरी दिएकी छन्। दुवै जाहेरीमा आवश्यक अनुसन्धान भइरहेको एसएसपी घिमिरेले जानकारी दिए। फिल्मी क्षेत्रमा सञ्जय खतिवडा भनेर चिनिने डम्बरले विभिन्न फिल्ममा नायकको रोल खेलका छन्।

## लागूऔषधसहित सात जना पक्राउ

**विराटनगर, भदौ १८।** मोरङ, उदयपुर र सुनसरीका विभिन्न स्थानबाट प्रहरीले लागूऔषधसहित सात जनालाई पक्राउ गरेको छ। प्रहरीका अनुसार विभिन्न स्थानमा गरिएको छुट्टाछुट्टै कारबाहीका क्रममा उनीहरू पक्राउ परेका हुन्।

कोशी प्रदेश प्रहरी कार्यालय बिराटनगरको प्रादेशिक अनुसन्धान समूह (पीआईटी) र इलाका प्रहरी कार्यालय

*(बाँकी अन्तिम पृष्ठमा)*

# बाढी पीडितलाई लायन्सको रु. १६,११,०००




**बिर्तामोड, भदौ १८।** भोटेकोशी–त्रिशूली नदीमा आएको विनाशकारी बाढीपछि खोज, उद्धार तथा राहत व्यवस्थापनमा सहयोग पुऱ्याउने उद्देश्यले लायन्स इन्टरनेशनलले विभिन्न चरणमा आर्थिक तथा अन्य सहयोग उपलब्ध गराएको छ।

लायन्स इन्टरनेशनल मल्टिपल डिस्ट्रिक्ट ३२५ सी अन्तर्गतका १४ वटा डिस्ट्रिक्टबाट सहयोग संकलन अभियान सञ्चालन गरी रु. ६ लाख ७० हजार संकलन गरिएको र सबै डिस्ट्रिक्टको जम्मा गरी रु. १ करोड १ लाख १ हजार १ सय ११ आर्थिक सहयोग प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोषमा हस्तान्तरण गरिएको डिस्ट्रिक गर्भनर लीला चिमरियाले जानकारी दिए।

बाढी प्रभावित क्षेत्र तथा आसपासका जिल्लाहरूमा लायन्सका विभिन्न डिस्ट्रिक्टमार्फत नियमित रूपमा राहत सामग्री वितरण भइरहेको जनाइएको छ। प्रभावित विभिन्न स्थानमा स्थापना गरिएका होल्डिङ सेन्टरमा विस्थापित परिवारलाई आवास, खाद्यान्नलगायतका सेवा–सुविधा उपलब्ध गराउँदै आएको लायन्सले जनाएको छ।

यसैगरी, तत्काल राहत व्यवस्थापन तथा पुनःस्थापनाका लागि लायन्स क्लब इन्टरनेशनल फाउन्डेसनबाट २ लाख अमेरिकी डलरको विपद् प्रतिकार्य अनुदान समेत उपलब्ध भएको जनाइएको छ। देशभरका लायन्स क्लब तथा लायन सदस्यहरूले स्वस्फूर्त रूपमा आर्थिक सहयोग संकलन गरी आ–आफ्नो डिस्ट्रिक्टमार्फत प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोषमा सहयोग गर्ने कार्य जारी राखेका छन्।

डिस्ट्रिक्ट ३२५ सीले आव्हान गरेको सहयोग अभियानअन्तर्गत छ दिनभित्र संकलित रु. १६ लाख ११ हजार डिस्ट्रिक्ट ३२५ सीको डिजास्टर फन्ड खातामा जम्मा गर्ने गरी जिल्ला प्रशासन कार्यालय झापाका निमित्त प्रमुख जिल्ला अधिकारी भूमेश्वर पोखरेललाई चेक हस्तान्तरण गरिएको हो। उक्त रकम प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोषमा जम्मा हुनेछ।

लायन्स इन्टरनेशनलले बाढीबाट प्रभावित नागरिकको उद्धार, राहत तथा पुनःस्थापनामा आफ्नो सहयोगलाई निरन्तरता दिने जनाएको छ। सहयोग हस्तान्तरण कार्यक्रममा साहायक जिल्ला अधिकारी सहदेव रायमाझी, फस्ट भाइस डिस्ट्रिक गर्भनर रमेश खत्री, पास्ट डिस्ट्रिक गर्भनरहरु लीलाप्रसाद ढुङ्गेल, रमेश खत्री, विकास अधिकारी, धिरज गुरुङलगायत लायन्सकर्मीहरुको उपस्थिति रहेको थियो।

## राबाबैं पूर्व कर्मचारीको राहत

**बिर्तामोड, भदौ १८।** राष्ट्रिय वाणिज्य बैंक पूर्व कर्मचारी संघ माई पूर्वइकाई झापाले भोटेकोशी त्रादसीबाट पीडितहरुको पीडामा आफ्नो क्षेत्रबाट सहयोग गर्ने निर्णय गरेको छ।

समितिका अध्यक्ष बद्रीप्रसाद भट्टराईको अध्यक्षतामा बुधबार बसेको बैठकले बिहीबार आयोजना गरिएको संघको स्थापना दिवस भदौ १० गतेको बिपद्को शोकमा स्थगित गरेको छ। सोही बैठकले पीडामा रहेका नागरिकको साथमा उभिनु नै मानवता हो भन्ने भावनालाई आत्मसात गरी बिपद् प्रभावितहरुलाई सहयोग गर्ने उद्देश्यले राहत संकलन गर्ने निर्णय गरेको छ।

सोही बैठकमा सहभागीहरुबाट राहत रकम २० हजार छ सय संकलन भएको अध्यक्ष भट्टराईले जानकारी दिए। उनले समितिका सम्पूर्ण सदस्यहरुलाई भदौ ३१ अगावै यथाशक्य सहयोग रकम बिर्तामोडस्थित रावाबैंकमा रहेको समितिको खातमा जम्मा गर्न अनुरोध गरेको छ। संकलित राहत रकम असोज १ गते प्रधानमन्त्री राहत तथा उद्धार कोषमा पठाइने अध्यक्षले जानकारी दिए।

## पत्रकार भट्टराई दुर्घटनामा घाइते



**बिर्तामोड, १८ भदौ।** नेपाल पत्रकार महासंघ झापा शाखाका निवर्तमान उपाध्यक्ष केशवप्रसाद भट्टराई मोटरसाइकल दुर्घटनामा परी घाइते भएका छन्।

झापाको बिर्तामोड–४ निवासी ४६ वर्षीय भट्टराई बिहीबार बिहान ८:४५ बजे अर्जुनधारा–७मा दुर्घटनामा परेका हुन्।

शनिश्चरेबाट खुदुनाबारीतर्फ जाँदै गर्दा उनी सवार मे २ प ३८७६ नम्बरको होण्डा मोटरसाइकलको अगाडिको चक्का अचानक खुस्किएर दुर्घटना भएको थियो। दुर्घटनाबाट उनको दाहिने हातको नाडी भाँचिएको छ। घाइते भट्टराईको शनिश्चरे नगर अस्पतालमा प्राथमिक उपचारपछि हाल बिर्तामोडस्थित बीएण्डसी अस्पतालमा उपचार भइरहेको छ।

अस्पताल स्रोतका अनुसार भाँचिएको हातको आज शुक्रबार शल्यक्रिया गरिने तयारी छ। लामो समय कञ्चनजंघा एफएमको समाचार सम्पादकका रूपमा जिम्मेवारी सम्हालिसकेका भट्टराई हाल स्वतन्त्र पत्रकार तथा लेखकका रूपमा सञ्चार क्षेत्रमा क्रियाशील छन्।


**बिर्तामोडमा 4D भिडियो एक्स–रे र ल्याव सेवा**

वरिष्ठ रेडियोलोजिष्ट डा. संजयकुमार गुप्ताद्वारा

निशा एडभान्स अल्ट्रासाउण्ड एण्ड डायग्नोष्टिक क्लिनिकमा

- प्रत्येक दिन बिहान ६:०० बजेदेखि ८:३० बजे र बेलुका २:०० बजेदेखि ८:०० बजेसम्म
- पश्चिम बस स्टेण्ड उत्तर, बिर्तामोड–५, झापा

हाम्रा सेवाहरु

- Fetal Echo, Fibro Scan Liver (पहिलोपल्ट)
- विशेषज्ञद्वारा ओ.पी.डी. सेवा
- निसन्तान परामर्श केन्द्र
- 12 Lead ECG,
- सुपथ मूल्यको फार्मेसी सेवा
- अत्याधुनिक प्याथोलोजी ल्याव
- 4D भिडियो एक्स–रे
- Anomaly Scan, TVS
- रक्त नलिको Colour Doppler
- Advance CT Scan




सम्पर्क नं. : ०२३–५९०१९४, ९८०१५६६४७८, ९८१७९८४६४६

Advance Pathology Lab

विश्वसनीय स्वास्थ्य परीक्षणको लागि तपाईंको आफ्नै ल्याब

हामीकहाँ आधुनिक प्रविधिबाट सुसज्जित प्रयोगशाला, अनुभवी प्राविधिक र छिटो तथा भरपर्दो रिपोर्टको व्यवस्था छ।

तपाईंको स्वास्थ्य, हाम्रो जिम्मेवारी।

- छिटो र भरपर्दो रिपोर्ट
- आधुनिक मेसिन र अनुभवी टेक्निसियन
- सबै प्रकारका रगत तथा पिसाब परीक्षण
- उचित शुल्कमा गुणस्तरीय सेवा

Advance Pathology Lab

ISO 15189 -2022 certified lab

Birtamode-1, Charpane, Jhapa

023-536070, 9817032003

Email:advancelab2010@gmail.com

# नारी सञ्चार गृहको १५औं स्थापना दिवस




**बिर्तामोड, भदौ १८।** नारी सञ्चार गृह झापाले आफ्नो १५औं स्थापना दिवस तथा १४औं वार्षिक साधारणसभा विभिन्न सामाजिक र सिर्जनात्मक कार्यक्रम गरी मनाएको छ ।

बिर्तामोडस्थित जयन्द्र प्रसाईं साहित्य सेवा कोषको सभा हलमा आयोजित कार्यक्रममा संस्थाले बाढीपीडितलाई राहत सहयोग र आफ्ना सदस्यहरूलाई लेखनवृत्ति तथा सम्मान प्रदान गरेको छ । गृहले स्थापना दिवसको अवसरमा भोटेकोशी क्षेत्रका बाढी प्रभावित परिवारको राहतका लागि प्रधानमन्त्री दैवी प्रकोप राहत कोषमा नगद रु. १५ हजार जम्मा गरेको छ । त्यस्तै, कार्यक्रममा संस्थाका चार जना सदस्यहरूलाई जनही रु. ५ हजार नगद र सम्मान-पत्रसहित पुरस्कृत तथा सम्मानित गरिएको छ ।

'सामुदायिक विद्यालयहरूमा खानेपानी, शौचालय तथा सेनेटरी प्याड भेण्डिङ मेसिनको अवस्था' सम्बन्धी लेखनवृत्ति सृजना परियार र 'जलवायु परिवर्तन र मानव जीवनमा प्रभाव' सम्बन्धी लेखन वृत्ति सविना लिम्बूलाई प्रदान गरिएको थियो । यसैगरी पूर्वअध्यक्ष भीमा शिवाकोटीद्वारा स्थापित 'तीजको सामाजिक सांस्कृतिक महत्व' सम्बन्धी लेखनवृत्ति किरण हुमागाँईलाई प्रदान गरियो भने संस्थापक अध्यक्ष सावित्रा दाहाल द्वारा स्थापित 'वर्ष उत्कृष्ट सदस्य' पुरस्कार रञ्जिता खड्कालाई प्रदान गरिएको थियो ।

संस्थाकी अध्यक्ष स्वस्तिका आचार्य सिटौलाको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा नेपाल पत्रकार महासंघ कोशी प्रदेश उपाध्यक्ष तथा संस्थाकी पूर्वअध्यक्ष अम्बिका भण्डारी प्रमुख अतिथि रहेकी थिइन् । कार्यक्रममा संस्थापक अध्यक्ष दाहाल, पूर्वअध्यक्ष शिवाकोटी, निवर्तमान अध्यक्ष रेजिना गौतम तथा संस्थापक सदस्यहरू भवानी क्षेत्री, सुशीला संग्रौला र इन्दु पूर्वेलीको आतिथ्य रहेको थियो भने स्वागत उपाध्यक्ष जोश्ना श्रेष्ठले गरेकी थिइन् । साधारणसभामा सचिव दीपा पोखरेलद्वारा प्रस्तुत सांगठनिक प्रतिवेदन र कोषाध्यक्ष सुनिरा मैनालीद्वारा प्रस्तुत आर्थिक प्रतिवेदन आवश्यक सुझावहरूसहित सर्वसम्मतिले पारित भएको छ ।

सोही अवसरमा गृहले संस्थामा आबद्ध भएका नयाँ १३ जना सदस्यहरूलाई स्वागत समेत गरिएको थियो ।

# 'टक्सिक' नचल्दा 'पार्वती'लाई फाइदा

दक्षिण भारतीय फिल्म 'टक्सिक'ले भदौ १० गतेलाई प्रदर्शन मिति घोषणा गरेपछि जनै पूर्णिमा (१२ भदौ)का नेपाली फिल्महरूको भागाभाग भएको थियो ।

तर, उक्त मितिबाट फिल्म 'पार्वती' भने टसमस भएन । धेरैले 'टक्सिक'सँग भिड्न खोज्नु निर्माताको मूर्खतापूर्ण निर्णय समेत भनेका थिए । तर, अहिले बक्स अफिसमा 'टक्सिक'माथि 'पार्वती' भारी पर्न थालेको छ ।

दर्शक र समीक्षकबाट राम्रो प्रतिक्रिया नआउँदा 'टक्सिक'को व्यापार भारतसँगै नेपालमा लगातार घटिरहेको छ । 'पार्वती'को व्यापारमा भने सकारात्मक 'वर्ड अफ माउथ'को प्रभाव देखिन लागेको छ । रसुवा बाढीका कारण केही दिन फिल्मको व्यापार प्रभावित भएको भए पनि मंगलबारदेखि देशभर फिल्मको व्यापार उत्साहजनक रहेको वितरक करण श्रेष्ठले जानकारी दिए ।

वितरक श्रेष्ठका अनुसार हलमा दर्शकको चाप बढेसँगै फिल्मका शो समेत थपिएका छन् । फिल्मको देशव्यापी शो ११० भन्दा बढी रहेको उनले बताए । फिल्मलाई दर्शकबाट राम्रो प्रतिक्रिया मिलेका कारण आगामी दिनमा शो र व्यापार अझ बढ्ने उनको विश्वास छ । बिहीबारसम्मको व्यापारले फिल्म सफल हुने निश्चित देखिएको उनको भनाइ छ ।

फिल्मकी अभिनेत्री तथा निर्देशक नीता ढुंगाना, कलाकार अशोक दर्जी र निर्माता हरिहर अधिकारीसहितको टिम भने यतिबेला पश्चिम नेपालको यात्रामा छ ।

दाङ र नेपालगञ्जपछि उनीहरूले धनगडी, कैलाली, कञ्चनपुरलगायतका विभिन्न हलमा पुगेर दर्शकसँग भेट गरिरहेका छन् । प्रायः हलमा नीता फिल्मकै गेटअपमा पुग्ने गरेकी छन्, जसले दर्शकमा छुट्टै उत्साह थप्ने गरेको छ ।

दिदीभाइको सम्बन्धको कथामा आधारित यस फिल्ममा नीता र अशोकसहित दीपाश्री निरौला, राज पंगेनी शर्मा, सिरु विष्ट, राधिका कँडेल, आशा पौडेललगायतका कलाकारहरूको अभिनय रहेको छ ।

## झापामा ...

रानी, मोरङबाट खटिएको प्रहरी टोलीले विराटनगर महानगरपालिका-१६ बाट मोरङको केराबारी गाउँपालिका-७का ३३ वर्षीय कमल राईलाई पक्राउ गरेको छ । उनको साथबाट एक ग्राम ३७० मिलिग्राम ब्राउन सुगर बरामद भएको प्रहरीले जनाएको छ ।

यसैगरी, उदयपुरको चौदण्डीगढी नगरपालिका-३ का २६ वर्षीय सावन राईले लागूऔषध कारोबार गरिरहेको भन्ने विशेष सूचनाका आधारमा इलाका प्रहरी कार्यालय बेल्टारबाट खटिएको प्रहरी टोलीले उनको घरमा खानतलासी गरेको थियो । खानतलासीका क्रममा ट्रामाडोल एक हजार ४५४ क्याप्सुल र डाइक्लोमाइन एक हजार ४५४ ट्याब्लेट बरामद भएको प्रहरीले जनाएको छ । उक्त घटनामा सावन राईसँगै चौदण्डीगढी नगरपालिका-६का २७ वर्षीय शुभ राईलाई समेत प्रहरीले पक्राउ गरेको छ ।

यता, सुनसरीको इटहरी उपमहानगरपालिका-४बाट प्रहरीले ब्राउन सुगरसहित दुई जनालाई पक्राउ गरेको छ । इलाका प्रहरी कार्यालय इटहरीबाट खटिएको प्रहरी टोलीले धादिङका २७ वर्षीय सुवास अर्याल र सिन्धुपाल्चोकका ३७ वर्षीय विक्रम कार्कीलाई १९ ग्राम ३२० मिलिग्राम ब्राउन सुगरसहित पक्राउ गरेको हो । त्यस्तै, सुनसरीको भोक्राहा नरसिंह गाउँपालिका-२ का गौतम ऋषिदेव र सुन्दरहरैँचा-७का २८ वर्षीय अमिन चौधरीलाई समेत प्रहरीले नियन्त्रणमा लिएको छ । पक्राउ परेका सबै जनामाथि लागूऔषधसम्बन्धी कसुरमा थप अनुसन्धान भइरहेको कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरले जनाएको छ ।

## दुबई ...

अनुसन्धान कार्यालय टेकूबाट खटिएको प्रहरीले उनलाई काठमाडौं महानगरपालिका-८ बाट पक्राउ गरेको हो ।

उनलाई आवश्यक अनुसन्धान तथा कारबाहीको लागि वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौं पठाइएको छ ।


# आत्महत्या समस्याको समाधान होइन

**आत्महत्याका प्रमुख कारण**
- मानसिक तनाव, डिप्रेसन, एक्लोपन वा निराशा
- हिंसा, पारिवारिक झगडा वा सम्बन्ध विच्छेद र प्रेममा असफलता,
- गरिबी, बेरोजगारी, आर्थिक संकट र ऋण लाग्नु
- हिनताबोध, आवेश र घुर्की देखाउनु,
- व्यक्तिगत र पारिवारिक इच्छा, आकांक्षा पूर्ति हुन नसक्नु
- सोचे अनुसार सफलता प्राप्त नहुनु,
- सामाजिक बहिष्कार वा दुर्व्यवहार लगायत ।

**रोकथामका लागि**
- आफन्त, साथी वा विश्वासिलो व्यक्तिसंग समस्याका बारेमा खुलेर कुरा गरौं,
- तनाव वा समस्या परेमा मनोचिकित्सक वा परामर्शकर्ताको सहयोग लिऔं,
- आत्महत्याको सोच आएमा तत्काल परिवारका सदस्यलाई बताऔं वा सहायता केन्द्रमा सम्पर्क गरौं,
- तनाव र निराशामा रहेका व्यक्तिको समस्या सुनौं र सहयोग गरौं ।

**'एक-अर्काको सहारा बनौं, आत्महत्या होइन समस्याको समाधान खोजौं ।'**

**नेपाल सरकार विज्ञापन बोर्ड**



# नेपाल प्रजातन्त्र सेनानी संघ

जिल्ला कार्य समिति, झापा

# भावपूर्ण श्रद्धाञ्जली



साहस स्वयंलाई साहस दिने
क्षमता जसले देखाउँथ्यो,
निस्वार्थ भावको सेवा मार्फत
जसले सबैको मन मस्तिष्कमा
आफ्नो नाम लेखाउँथ्यो,
ऊ कसरी मर्न सक्छ र !
उसलाई कसले मार्न सक्छ र !
तिमी हामीसँगै छौ दाइ
हामीसँगै सधैं रहने छौ,
मृत्युको केही लाग्दैन दाई,
तिमी सुगन्धित वायु बनी
हामीभित्र सधैँभरि बहने छौ ।

**स्व. लिलक सिटौला**

जन्म: वि.सं. २०१६ बैशाख १२ गते
स्वर्गारोहण: वि.स. २०८३ भदौ ७ गते

पंकज घिमिरे, सचिव — एवम् — ज्ञानमणि भूर्तेल, का.वा. अध्यक्ष

**नेपाल प्रजातन्त्र सेनानी संघ झापा जिल्ला परिवार**



# हार्दिक कृतज्ञता



जन्म: वि.सं. २०१६ बैशाख १२ गते
स्वर्गारोहण: वि.स. २०८३ भदौ ७ गते

**स्व. लिलक सिटौला**

हाम्रा प्रातः स्मरणीय पति/पिता **लिलक सिटौला**को असामयिक स्वर्गारोहणका कारण असीम दुःखले हामीलाई पिरोलिरहेको प्रत्येक क्षणमा हामीमाथि सहानुभूति प्रकट गर्दै हाम्रो शोक केही हदसम्म हामीसंग बाँड्ने सदाशयता देखाउनु हुने सम्पूर्ण शुभचिन्तक, आफन्तजन, छरछिमेक, इष्टमित्र लगायत हामीलाई यो दुःखमा ढाढस दिनुहुने सबैमा हामी स्व. लिलक सिटौलाको १३औं दिनको पुण्यतिथिमा अभ्यन्तरबाटै कृतज्ञता व्यक्त गर्दछौं ।

श्रीमती : **अनिता सिटौला**
छोरी : **अस्मिता सिटौला**
छोरा : **अमृत सिटौला**
भतिजः **चन्द्र प्रकाश सिटौला**

एवम् **समस्त सिटौला परिवार**, शनिश्चरे, झापा


# निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

पूर्ण बहादुर कामीको नाति, भद्र बहादुर कामीको छोरा, कोशी प्रदेश,खोटाङ जिल्ला, साकेला गाँउपालिका वडा नं. ३, बस्ने तिर्थ कुमार कामीले यस शाखामा बचत खाता नं. ४१६१५२४१४०११९५ सञ्चालन गर्दै आउनु भएकोमा मिति २०८२/११/१० मा निज खातावाला तिर्थ कुमार कामीको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउँ भनी निज मृतकको श्रीमती नाता पर्ने पवित्रा कामीले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजातसहित यस बैंक समक्ष निवेदन दिनुभएकोले यो सूचना प्रकाशित गरिएको छ ।

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा १११ बमोजिम निज मृतक तिर्थ कुमार कामीको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको साकेला शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने व्यहोरा समेत जानकारी गराइन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.

साकेला शाखा, खोटाङ
फोन नम्बर :- ९८५२८८१००७

# कर्जा चुक्ता गर्न आउने बारेको ३५ (पैतिस) दिने सार्वजनिक सूचना

**ऋणी तथा एकल/धनजमानीकर्ताहरुको नाम, थर, ठेगाना, नागरिकता प्रमाणपत्र नं. विवरण**

**शाखा कार्यालय : पाडाजुंगी, झापा**

६४. ऋणीको नाम : दया राजवंशी, पिता/पतिको नाम : कार्तिक लाल राजवंशी, बाजे/ससुराको नामः सम्पत लाल राजवंशी,स्थायी ठेगाना : लखनपुर-२, झापा, ना.प्र.नं.: ०४३०४३/५७९, कर्जाको शीर्षक : आकस्मिक
एकलजमानीको नाम : कार्तिक लाल राजवंशी, पिता/पतिको नाम : सम्पत लाल राजवंशी, बाजे/ससुराको नाम : कुजा राजवंशी, स्थायी ठेगाना : लखनपुर-२, झापा, ना.प्र.नं. : २३११३५४

६५. ऋणीको नाम : गंगामाया कटुवाल, पिता/पतिको नाम : कुमार थापा, बाजे/ससुराको नाम : शेर बहादुर थापा, स्थायी ठेगाना : धरमपुर-५, झापा, ना.प्र.नं. : ९७७३६९०४, कर्जाको शीर्षक : साधारण
एकलजमानीको नाम : कुमार थापा, पिता/पतिको नाम : शेर बहादुर थापा, बाजे/ससुराको नाम : बलराम थापा, स्थायी ठेगाना : उग्रतारा-१, काभ्रे, ना.प्र.नं. : ८०५२१

६६. ऋणीको नाम : गितादेवी नेपाली, पिता/पतिको नाम : गिता बहादुर गुरुङ्ग, बाजे/ससुराको नाम : गम बहादुर गुरुङ्ग, स्थायी ठेगाना : फिदिम-८, पाँचथर, ना.प्र.नं.: १५१६, कर्जाको शीर्षक : साधारण
एकलजमानीको नाम : पविमाया थापा, पिता/पतिको नाम : टंक बहादुर थापा, बाजे/ससुराको नाम : मान बहादुर थापा, स्थायी ठेगाना : फिदिम-१०,पाँचथर, ना.प्र.नं. : २७९-२६८

६७. ऋणीको नाम : लुजा राई, पिता/पतिको नाम : कपिल नेम्वाङ लिम्बु, बाजे/ससुराको नाम : चन्द्रध्वज लिम्बु, स्थायी ठेगाना : बेलवारी-३, मोरङ, ना.प्र.नं. : ०५१०३७/४८०, कर्जाको शीर्षक : साधारण धनजमानीको नाम : बिर बहादुर कामी, पिता/पतिको नाम : भक्त बहादुर कामी, स्थायी ठेगाना : कमल-५, झापा, ना.प्र.नं. : २३११८५८

६८. ऋणीको नाम : रन्जना लिम्बु, पिता/पतिको नाम : सुमन राई, बाजे/ससुराको नाम : जित कुमार राई, स्थायी ठेगाना : सताशीधाम-३, झापा, ना.प्र.नं. : ०४३०३२/४९२, कर्जाको शीर्षक : साधारण
एकलजमानीको नाम : वविता लिम्बु, पिता/पतिको नाम : सुख बहादुर लिम्बु, बाजे/ससुराको नाम : धनपती लिम्वु, स्थायी ठेगाना : शिवसताक्षी-८, झापा, ना.प्र.नं. : ०४-०२-७४-०६११४

६९. ऋणीको नाम : शान्तमाया मगर, पिता/पतिको नाम : सुमन मगर, बाजे/ससुराको नाम : तोया नाथ मगर, स्थायी ठेगाना : मेचिनगर-७,झापा, ना.प्र.नं. : ०४-०१-६९-१५१८२ कर्जाको शीर्षक : साधारण
एकलजमानीको नाम : विष्णु माया माझी, पिता/पतिको नाम : मिलन माझी, बाजे/ससुराको नाम : खड्ग ब. माझी, स्थायी ठेगाना : शिवसताक्षी-३, झापा, ना.प्र.नं.. : ०४-०२-७३-०३४२९

७०. ऋणीको नाम : सीता महरा (परियार), पिता/पतिको नाम : दिपेन्द्र महरा दर्जी, बाजे/ससुराको नाम : संकर बहादुर दर्जि, स्थायी ठेगाना : याङ्नाम-३, पाँचथर, ना.प्र.नं. : ०२१०१४/९५४, कर्जाको शीर्षक : साधारण
एकलजमानीको नाम : दिपेन्द्र महरा दर्जी, पिता/पतिको नाम : संकर बहादुर दर्जि, स्थायी ठेगाना : याङ्नाम-३, पाँचथर, ना.प्र.नं. : ६३४/४

७१. ऋणीको नाम : सुनिता मोहरा, पिता/पतिको नाम : कमल दमै, बाजे/ससुराको नाम : बुध्दिराज दमाई, स्थायी ठेगाना : याङनाम-६, पाँचथर, ना.प्र.नं.: ०२३०१४-३९, कर्जाको शीर्षक : साधारण
एकलजमानीको नाम : कमल दमै, पिता/पतिको नाम : बुध्दिराज दमाई, बाजे/ससुराको नाम : मान बहादुर दमाई, स्थायी ठेगाना : रुप्से-५, पाल्पा, ना.प्र.नं. : ३९१०५७/८६

**शाखा कार्यालय : हनुमाननगर, सप्तरी**

७२. ऋणीको नाम : मंजिला देवी मंडल, पिता/पतिको नाम : रामचन्द्र मंडल, बाजे/ससुराको नाम : रवि मंडल, स्थायी ठेगाना : महदेवा-६,सप्तरी, ना.प्र.नं. : १६-०१-७१-०७६४८, कर्जाको शीर्षक : साधारण
एकलजमानीको नाम : सुकनी कुमारी, पिता/पतिको नाम : अनिल कुमार मण्डल, स्थायी ठेगाना : महादेवा-६, [redacted]

७५. ऋणीको नाम : वसिरन खातुन, पिता/पतिको नाम : समसेर मिया, बाजे/ससुराको नाम : तसलिम मिया, स्थायी ठेगाना : कटहरी-६, मोरङ, ना.प्र.नं.: ७/५७५७, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : समसेर मिया, पिता/पत्निको नाम : तसलिम मिया, बाजे/ससुराको नाम : ओलिम मिया, स्थायी ठेगाना : कटहरी-६, मोरङ, ना.प्र.नं. : ०५-०१-६९-०३२४८

७६. ऋणीको नाम : पुस्मी कुमारी चौधरी, पिता/पतिको नाम : राजेन्द्र कुमार मण्डल, बाजे/ससुराको नाम : तिन कलवा मण्डल, स्थायी ठेगाना : बबियाबिर्ता-९,मोरङ, ना.प्र.नं. : २२७१५, कर्जाको शीर्षक : साधारण

७७. ऋणीको नाम : फुलिया चौधरी, पिता/पतिको नाम : प्रकाश चौधरी, बाजे/ससुराको नाम : सतु लाल थारु, स्थायी ठेगाना : कसेनी-७, मोरङ, ना.प्र.नं. : ५/३०२०, कर्जाको शीर्षक : साधारण

७८. ऋणीको नाम : बिन्दु पौडेल, पिता/पतिको नाम : मेघराज पौडेल, बाजे/ससुराको नाम : भिम प्रसाद पौडेल, स्थायी ठेगाना : कटहरी-७, मोरङ, ना.प्र.नं. : ७/५४५८, कर्जाको शीर्षक : साधारण धनजमानीको नाम : मेघराज पौडेल, पिता/पतिको नाम : भिम प्रसाद पौडेल, स्थायी ठेगाना : लेगुवा-१, धनकुटा, ना.प्र.नं. : १७८७

७९. ऋणीको नाम : दिपा पौडेल, पिता/पतिको नाम : लेखनाथ ओझा, बाजे/ससुराको नाम : नेमनाथ ओझा, स्थायी ठेगाना : बिराटनगर-५, मोरङ, ना.प्र.नं. : ५५०८४, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : अनोज ओझा, पिता/पतिको नाम : लेखनाथ ओझा, बाजे/ससुराको नाम : नेमनाथ ओझा, स्थायी ठेगाना : कटहरी-४, मोरङ, ना.प्र.नं. : ०५-०१-७६-१२११४

८०. ऋणीको नाम :श्रीमती पुर्नीदेवी राजबंशी,पिता/पतिको नाम : अधन लाल राजबंशी, बाजे/ससुराको नाम : खटारु राजबंशी, स्थायी ठेगाना : कटहरी-३, मोरङ, ना.प्र.नं. : २८, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : अधन लाल राजबंशी, पिता/पतिको नाम : खटारु राजबंशी, स्थायी ठेगाना : कटहरी-३, मोरङ, ना.प्र.नं. : १४२५/३७/३८

८१. ऋणीको नाम : दयावती राजबंशी, पिता/पतिको नाम : सिताराम राजबंशी, बाजे/ससुराको नाम : बल वहादुर राजबंशी, स्थायी ठेगाना : दर्वेशा-६,मोरङ, ना.प्र.नं. : ०५५३५/३९८, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : सिताराम राजबंशी, पिता/पतिको नाम : बल बहादुर राजबंशी, स्थायी ठेगाना : सोराभाग-२, मोरङ, ना.प्र.नं. : ०५२०६१-१२८०१

८२. ऋणीको नाम : सस्ती देवी राजबंशी, पिता/पतिको नाम : उदयान्नद राजबंशी, बाजे/ससुराको नाम : परमेश्वर राजबंशी, स्थायी ठेगाना : कटहरी-२, मोरङ, ना.प्र.नं. : ०५-०१-७१-२९०२६, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : उदयानंद राजबंशी, पिता/पतिको नाम : परमेश्वर राजबंशी, स्थायी ठेगाना : कटहरी-२, मोरङ, ना.प्र.नं. : ५४८०-४०-४१

८३. ऋणीको नाम : सरीता देवी राजबंशी, पिता/पतिको नाम : यम लाल राजबंशी, बाजे/ससुराको नाम : महेश लाल राजबंशी, स्थायी ठेगाना : सोराभाग-८, मोरङ, ना.प्र.नं. : ०५३०६१-७६३, कर्जाको शीर्षक : साधारण
धनजमानीको नाम : यम लाल राजबंशी, पिता/पतिको नाम : महेश लाल राजबंशी,स्थायी ठेगाना : सोराभाग-८, मोरङ, ना.प्र.नं. : ०५१२२०४/११५१

८४. ऋणीको नाम : बन्दना राजबंशी, पिता/पतिको नाम : राजकुमार राजबंशी, बाजे/ससुराको नाम : सोभाचन राजबंशी, स्थायी ठेगाना : कानेपोखरी-३, मोरङ, ना.प्र.नं. : २२५८२, कर्जाको शीर्षक : लघुउद्यम
१. धनजमानीको नाम : राजकुमार राजबंशी, पिता/पतिको नाम : सोभाचन राजबंशी, स्थायी ठेगाना : टकुवा-३, मोरङ, ना.प्र.नं. : १३९६०/६१
२. धनजमानीको नाम : मुलुकचन्द्र राजबंशी, पिता/पतिको [redacted]लाल राजबंशी, बाजे/ससुराको नाम : मोहीलाल [redacted], स्थायी ठेगाना : बयरवन-४, मोरङ, ना.प्र.नं. : [redacted]४०

[redacted]को नाम : सरिता देवी सरदार, पिता/पतिको नाम [redacted] सरदार, बाजे/ससुराको नाम : हरिनन्द सरदार, [redacted]गाना : दादरबैरिया-४,मोरङ, ना.प्र.नं. : ०५-[redacted]०२६३७, कर्जाको शीर्षक : साधारण [redacted]को नाम : विरेन सरदार, पिता/पतिको नाम : [redacted] सरदार, स्थायी ठेगाना : दादरबैरिया-४, मोरङ, [redacted] : ०५-०१-०६९-०९०४७

[redacted]को नाम : लक्ष्मी राजबंशी, पिता/पतिको नाम : [redacted]ण राजबंशी, बाजे/ससुराको नाम : गर्भु राजबंशी, [redacted]गाना : बिराटनगर-५, मोरङ, ना.प्र.नं. : ४५९०८, [redacted] शीर्षक : साधारण [redacted]को नाम : आरती कुमारी राजबंशी, पिता/पतिको [redacted]ड्ढा मण्डल राजबंशी,स्थायी ठेगानाः भौडाहा-[redacted]प्र.नं. : ०५१०४१/५०७


आशा लघुवित्त वित्तीय संस्था लि.
Asha Laghubitta Bittiya Sanstha Ltd.
(नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको वित्तीय संस्था)
[redacted] सम्पर्क नं. : ०११-६६००७३,
[redacted]@gmail.com/
[redacted]e.com.np


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/[redacted]कोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा प्रमुख : सोमनाथ भण्डारी ■ बजार [redacted] : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्र[redacted]२@gmail .com

पूर्वाञ्चल
सम्पादकीय

## आस्था र उत्सवको पर्व श्रीकृष्ण जन्माष्टमी

हिन्दू धर्मावलम्वीहरुले भदौ महिना कृष्ण पक्षको अष्टमी तिथिका दिन भगवान श्रीकृष्णको प्राकट्य दिवस मनाउँछन् । भगवान विष्णुको आठौं अवतारका रुपमा भगवान श्रीकृष्णको जन्मोत्सव विभिन्न सांस्कृतिक उत्सव गरी मनाउने गरिएको छ । आज त्यही दिन हो जुन दिन भगवान श्रीकृष्णको जन्म भएको थियो । द्वापरयुगको अन्त्यतिर आजकै दिन मध्यरातमा जन्मिएका श्रीकृष्णले दुर्जनहरुको संहार गरी सज्जनको रक्षा गर्नुभएको थियो । त्यही दिनको खुशियालीमा भक्तहरु दिनभर व्रत बसेर भगवान श्रीकृष्णको पूजा–आराधना गर्छन् ।

आफ्नै मामा कंश नामको अत्याचारबाट मानव जातिलाई मुक्ति दिन वाशुदेव र देवकीको आठौं सन्तानका रुपमा श्रीकृष्णको जन्म भएको धार्मिक विश्वास छ । देवकीकै कोखबाट जन्मिने सन्तानले कंशको नाश गर्छ भनिएकाले बहिनीलाई कठोर कारागारमा राखेको कंश आखिर श्रीकृष्णकै हातबाट मारिए । जन्मिनासाथ वृन्दावन पुऱ्याइएका नवजात शिशुको रेखदेश तथा पालनपोषण नन्द र उनकी पत्नी यशोदाले गरेका थिए । महाभारत ग्रन्थमा उल्लेख भए अनुसार नै अन्याय, अत्याचार, दुराचार र दानवी प्रवृत्तिबाट मानव जातिको रक्षा गर्न भगवान विष्णु नै श्रीकृष्ण भई मानिसकै रुपमा यो धर्तीमा जन्मिनु भएको हो ।


आजीवन सत्य, न्याय र सत्कर्मको पक्षमा रही सम्पूर्ण मानव जातिलाई सत्यकै पक्षमा रहन प्रेरित गर्ने श्रीकृष्णले पाण्डवलाई साथ दिनुभयो । कौरवहरुको अन्याय, अत्याचारको अन्त्य गर्न कुरुक्षेत्रको लडाइँमा पाण्डव पक्षको सारथी भएर अर्जुनलाई दिएको शिक्षाले अन्ततः अन्यायको हार भयो, सत्य र न्यायको जीत भएको थियो । त्यही धर्मयुद्धमा अर्जुनलाई श्रीकृष्णले दिएको उपदेश नै श्रीमद्भागवत गीता हो, जसलाई हिन्दू धर्मावलम्वीहरुको पवित्र धार्मिक ग्रन्थ मानिन्छ । जन्मदेखि नै विचित्र लीला देखाउँदै आउनुभएका श्रीकृष्णले गोपिनी र राधासँग गरेको भावनात्मक प्रेम प्रसंगको सम्झनामा यो महिनाभर प्रेम उत्सव मनाउने चलन पनि छ ।

जब–जब धर्मको नाश हुन्छ, तब–तब धर्मको रक्षा गर्न म अवतरित हुन्छु भन्नुभएका श्रीकृष्णले पुतना, कंश, जरासन्ध र शिशुपालको वध गरी मानव जातिलाई भय मुक्त बनाउनुभएको थियो । दैवी शक्तिको विनाश गर्न मानिसकै रुपमा जन्मिनुभएका भगवान श्रीकृष्णको प्राकट्य दिवस विगतको जस्तो हर्षोल्लासपूर्वक नमनाइन सक्छ । किनकि भदौ १० को भोटेकोशी बाढीले नेपाली मनलाई छिया–छिया पारेको छ । सो नदीले रौद्ररुप धारण गर्दै रसुवा लगायतका जिल्लाहरुमा नदीका तटीय क्षेत्रमा पारेको जनधनको क्षति, बाँचेकाहरुको अनिश्चित भविष्य र अकल्पनीय पीडाका बीच कामना गरौं भगवान श्रीकृष्णले आहत मनलाई शान्त पार्नुहोस्, प्रार्थना गरौं यस्तो विपत्ति फेरि नदोहोरियोस् ।

# विपत्तिपछि पुनरुत्थान : समृद्ध पर्यटन र सुदृढ भविष्य



▶ खुम सुवेदी



प्राकृतिक विपत्तिका अगाडि मानिस निसहाय बन्छ, तर उसको अदम्य साहस, संयम र पुनरुत्थानको चेतना कहिल्यै पराजित हुँदैन । प्रकृतिको अनुपम वरदान, हिमशृंखलाहरूको काख र अद्वितीय संस्कृतिको धनी हाम्रो देश आज फेरि एक पटक प्रकृतिको कठोर परीक्षाबाट गुज्रिरहेको छ । अविरल वर्षा, विनाशकारी बाढी र पहिरोका कारण रसुवागढी, नुवाकोट, धादिङ तथा मुग्लिन-काठमाडौं जोड्ने मुख्य सडक धमनी कृष्णभीर क्षेत्रमा पहाडहरू खसेर यातायात र सञ्चार अवरुद्ध हुन पुगेका छन् ।

यस प्राकृतिक प्रकोपले नेपालको पर्यटकीय यातायात, पदमार्ग र समग्र पर्यटन उद्योगमा गहिरो चोट पुऱ्याएको छ । रसुवागढी, लाङटाङ, गोसाइँकुण्ड जस्ता पवित्र धार्मिक एवम् साहसिक क्षेत्रतर्फ गएका श्रद्धालु यात्री, विदेशी पर्यटक, यातायात चालक, पर्यटन मजदुर, पदयात्राका पथप्रदर्शक (गाइड), भरिया र स्थानीय बासिन्दाहरू प्रभावित बनेका छन्, तर इतिहास साक्षी छ- मानिस प्राकृतिक विपत्तिका अगाडि केही क्षणका लागि विवश देखिए पनि उसको अदम्य साहस, धैर्य, संयम् र पुनरुत्थानको चेतना कहिल्यै पराजित भएको छैन ।

खोजी तथा उद्धारका कार्यहरू तीव्ररूपमा अगाडि बढिरहेको यो कठिन घडीमा हराइरहेका सबै नेपाली तथा विदेशी नागरिकहरूको शीघ्र सुरक्षित उद्धार, घाइतेहरूको अविलम्ब स्वास्थ्य लाभ र प्रभावित परिवारहरूमा धैर्यधारण गर्ने शक्ति मिलोस् भन्ने कामना सबैको रहेको छ । निराशाको यो कालो बादल छिचोल्दै नेपालको पर्यटन उद्योग फेरि उठ्नै पर्छ र नयाँ ऊर्जाका साथ विश्वसामु चम्किनै पर्छ । पर्यटन उद्योग र व्यवसायलाई नयाँ ऊर्जाका साथ पुनर्जीवन दिनु, अर्थतन्त्रलाई गतिशील बनाउनु र सम्पूर्ण देशवासीमा आत्मविश्वास जगाउनु आजको मुख्य आवश्यकता हो ।

### हिजोको गौरव, आजको चुनौती र भोलिको स्वर्णिम सम्भावना

हिजोका दिनमा नेपाल केवल एक पर्यटकीय गन्तव्य मात्र थिएन, यो विश्वभरका पर्यटकहरूका लागि आत्मिक शान्ति, सगरमाथाको साहसिक पदयात्रा, लाङटाङको मनमोहक उपत्यका, अन्नपूर्णको अद्वितीय पदमार्ग र नुवाकोटका ऐतिहासिक धरोहरहरूको साक्षात पाठशाला थियो । हाम्रा कला, मौलिक संस्कृति र 'अतिथि देवो भवः' को संस्कारले विश्वलाई मोहित बनाएको थियो । आज अविरल वर्षा र पहिरोले हाम्रा पैदल मार्गहरू क्षति पुऱ्याएका छन् ।

सडक सञ्जालहरू विच्छेद हुँदा पर्यटकीय आवागमन ठप्प प्रायः बनेको छ । यसले पदयात्राका गाइड, भरिया, यातायात चालक, साना पर्यटन व्यवसायी, चिया पसल सञ्चालक र स्थानीय होमस्टे व्यवसायीहरूको रोजीरोटीमा प्रत्यक्ष धक्का पुऱ्याएको छ । विपत्तिले ल्याएको यो विनाशलाई हामीले एक ठूलो अवसरमा बदल्नु छ । आधुनिक, जलवायु-अनुकूल पूर्वाधार निर्माण गरेर, अन्तर्राष्ट्रिय जगतमा हराएको आत्मविश्वास पुनः फर्काउँदै नेपाललाई विश्वकै सुरक्षित, व्यवस्थित र जीवन्त पर्यटकीय स्वर्गका रूपमा पुनः स्थापित गर्नु आजको मुख्य कार्यदिशा हो ।

### पर्यटन नै नेपालको मुख्य आर्थिक आधार

**वैदेशिक मुद्रा र कूल गार्हस्थ उत्पादन (जिडिपी) को मुख्य स्रोत :** नेपालसँग विशाल खनिज वा ठूला औद्योगिक कारखानाहरू छैनन् हाम्रो सबैभन्दा ठूलो र दिगो सम्पत्ति नै हाम्रा हिमाल, हरियाली, जैविक विविधता र मौलिक संस्कृति हुन् । देशमा पर्यटकीय गतिविधि बढाउनु नै देशको जिडिपी वृद्धि गर्ने, वैदेशिक मुद्रा आर्जन गर्ने र राष्ट्रिय अर्थतन्त्रलाई गतिशीलता दिने मुख्य आधार हो ।

**समावेशी रोजगार र स्थानीय अर्थतन्त्रको विकास :** सहरका सुविधासम्पन्न होटलदेखि गाउँका साना चियापसलसम्म, हिमाली भेगका कठोर परिश्रम गर्ने भरियादेखि सांस्कृतिक कलाकारहरूसम्म-पर्यटनले बिना भेदभाव हरेक नेपालीको घरमा चुलो बाल्न र स्थानीय स्तरमा स्वरोजगार सिर्जना गर्न मद्दत पुऱ्याउँछ ।

**सभ्यता, संस्कृतिर मौलिकताको प्रवर्द्धन :** पर्यटन केवल व्यापार मात्र होइन, यो हाम्रो कला, पञ्चेबाजा, लोक दोहोरी, हस्तकला, चिया पर्यटन र मौलिक नेपाली आतिथ्य परम्परालाई विश्वभरका मानिसहरूको मनमा पुऱ्याउने सबैभन्दा सशक्त माध्यम हो ।

### संकट समाधानका ठोस र व्यावहारिक कदमहरू

**द्रूत खोजी, उद्धार र मानवीय प्राथमिकता :** यतिबेला जोखिममा परेका पर्यटक, गाइड, भरिया, चालक तथा स्थानीयबासीको खोज तथा उद्धार कार्यलाई निरन्तरता दिँदै उनीहरूका लागि सुरक्षित आश्रय, खाद्यान्न, प्राथमिक उपचार र मनोवैज्ञानिक ढाडसको जरुरत पर्दछ ।

**सडक मर्मत र वैकल्पिक पहुचको सुनिश्चितता :** नेपालका अन्य सुरक्षित पर्यटन गन्तव्यहरूमा पर्यटक आवागमन सुचारु रहेको र बाँकी क्षेत्रहरू सुरक्षित छन् भन्ने सकारात्मक सन्देश समयमै अन्तर्राष्ट्रिय जगतमा पुऱ्याउनुपर्ने हुन्छ । मुग्लिन-काठमाडौं (कृष्णभीर) र रसुवागढी-नुवाकोट मार्गको क्षतिलाई प्राथमिकताका साथ प्राविधिक अध्ययन गरी अल्पकालीन र दीर्घकालीन रूपमा सञ्चालनयोग्य बनाउनुपर्छ । मुख्य राजमार्ग अवरुद्ध हुँदा पर्यटकीय आवागमनलाई निरन्तरता दिन हवाई मार्ग तथा वैकल्पिक सडकहरूको सहज र सर्वसुलभ प्रयोग सुनिश्चित गराउन सक्नुपर्छ ।

**सत्यतथ्य सूचना सम्प्रेषण :** विपद्को समयमा पारदर्शी सूचना सम्प्रेषण र सकारात्मक सन्देशको महत्व निकै रहन्छ । प्रभावित क्षेत्र र सडक अवस्थाबारे अन्तरराष्ट्रिय तथा राष्ट्रिय स्तरमा सत्यतथ्य र पारदर्शी सूचना प्रवाह गर्नुपर्छ । नेपालका अन्य सुरक्षित पर्यटन गन्तव्यहरूमा पर्यटकीय आवागमन सुचारु रहेको र बाँकी क्षेत्रहरू पूर्णरूपमा सुरक्षित छन् भन्ने सकारात्मक सन्देश विश्वसामु पुऱ्याउनुपर्ने हुन्छ । प्रभावित क्षेत्र र सडक अवस्थाबारे अन्तरराष्ट्रिय तथा राष्ट्रिय स्तरमा सत्यतथ्य, अद्यावधिक र पारदर्शी ढङ्गबाट सूचना प्रवाह गर्ने संयन्त्र हुन आवश्यक छ ।

**पूर्वाधार सुरक्षा र जलवायु-अनुकूल पर्यटन :** पूर्वाधार सुरक्षा र जलवायु-अनुकूल पर्यटनको विकासमा ध्यान दिनुपर्ने देखिन्छ । भविष्यमा कृष्णभीर वा अन्य संवेदनशील भौगोलिक क्षेत्रमा पर्न सक्ने क्षति न्यूनीकरणका लागि जलवायु-अनुकूल पूर्वाधार निर्माणमा जोड दिँदै पदयात्रा तथा साहसिक भ्रमण सञ्चालन गर्दा मौसमको पूर्वसूचना प्रणालीलाई अनिवार्य पालना गर्ने व्यवस्था मिलाउन सकिएमा जस्तोसुकै विपद्मा पनि मानवीय तथा भौतिक क्षतिलाई रोक्न सकिन्छ ।

**प्रभावित व्यवसायी र श्रमिकका लागि राहत प्याकेज :** विपत्तिका कारण रोजगारी र व्यवसाय प्रभावित भएका पथप्रदर्शक, भरिया, चालक, साना पर्यटन व्यवसायी र श्रमिकहरूलाई लक्षित गरी अल्पकालीन सहायता, कर छुट र पुनरुत्थान योजना राज्य र निजी क्षेत्रको सहकार्यमा लागू गराउन सरकारबाट पहल हुन आवश्यक छ ।

### अन्तर्राष्ट्रिय कूटनीतिक नियोगहरू समक्ष आह्वान

नेपालको पर्यटन पूर्णरूपमा सुरक्षित छ र देश विश्वभरका पर्यटकहरूलाई स्वागत गर्न आतुर छ भन्ने सन्देश अन्तर्राष्ट्रिय मञ्चमा पुऱ्याउन सरकारको तर्फबाट छिट्टै ऐतिहासिक कूटनीतिक सम्मेलन आयोजना गरिनु सान्दर्भिक देखिन्छ । त्यस कार्यक्रम मार्फत नेपालस्थित विभिन्न मुलुकका राजदूत, कूटनीतिक नियोगका प्रमुख, महावाणिज्यदूत, अन्तर्राष्ट्रिय विकास साझेदारहरू, नाट्टा, टान लगायतका अग्रणी पर्यटन व्यवसायी सङ्घ-संस्थाहरूलाई एकै ठाउँमा आमन्त्रित गरी राज्यका शीर्ष नेतृत्व तहबाट विश्वव्यापी रूपमा आधिकारिक संयुक्त घोषणा गर्दा त्यसले विश्व समुदायमा नेपालको छविलाई अझ उजिल्याउन मद्दत पुग्दछ ।

यसबाट हालैको अविरल वर्षा र बाढी-पहिरोले देशका केही सडक पूर्वाधार र सञ्जालमा क्षणिक चुनौती खडा गरे तापनि नेपालका अधिकांश पर्यटकीय गन्तव्यहरू पूर्णरूपमा सुरक्षित, जीवन्त र सुचारु रहेका छन् भन्ने सन्देश जानेछ । बाढी र पहिरो प्रभावित क्षेत्रहरूमा द्रुत उद्धार, राहत र पूर्वाधार पुनरुत्थानको काम तीव्रताका साथ अगाडि बढाइसकिएको छ । पर्यटन नै नेपालको जीडीपी र समावेशी अर्थतन्त्रको मुख्य मेरुदण्ड भएकाले राज्यले यस क्षेत्रको पुनर्निर्माणलाई सर्वोच्च प्राथमिकतामा राखेको भन्दै पुर्ननिर्माणमा सहयोगका लागि आह्वान गर्न सकिन्छ । यो विदेशी नागरिक तथा विश्वभरका पर्यटकहरूलाई निर्धक्क भएर नेपाल भ्रमणमा आउन र यहाँका हिमाल, संस्कृति र आतिथ्यको अद्वितीय अनुभव लिन हार्दिक आह्वान गर्ने महत्त्वपूर्ण अवसर पनि हुनेछ ।

**पुनरुत्थानको साझा संकल्प** : रात जतिसुकै कालो र लामो भए पनि बिहानीको सूर्य उदाउन कसैले रोक्न सक्दैन । नुवाकोटका डाँडाकाँडा, रसुवाका हिमाल र कृष्णभीरका पहिराहरूले हामीलाई केही समयका लागि रोक्न खोजे पनि नेपालीहरूको पुनरुत्थानको चेतना, हिम्मत, भरियाहरूको समर्पण र आतिथ्यको भावनालाई कहिल्यै ढाल्न सक्दैनन् । पर्यटन क्षेत्रलाई पुनः चलायमान बनाउन राज्य र निजी क्षेत्रको सहकार्यमा विशेष आर्थिक र नीतिगत सहजीकरण गराउन सकिन्छ ।

प्राकृतिक विपत्तिले अल्पकालीन रूपमा हाम्रा सडक पूर्वाधार र पर्यटन व्यवसायमा चुनौती खडा गरे पनि नेपालको अद्भूत सौन्दर्य, अतिथि सत्कारको परम्परा र नेपालीहरूको अदम्य साहस कहिल्यै कमजोर हुनु हुँदैन । यस्तो बेला निराशालाई आशामा बदल्दै नेपालको पर्यटन सुरक्षित र जीवन्त छ भन्ने अठोटका साथ सामूहिक मनोबल उच्च राख्नुपर्छ । सरकारी निकाय, व्यवस्थापिका, पर्यटन सम्बद्ध सङ्घ-संस्था, स्थानीय समुदाय, सञ्चार जगत् र अन्तर्राष्ट्रिय कूटनीतिक नियोगहरू एक ठाउँमा उभिएर निराशालाई आशामा बदल्नु आजको राष्ट्रिय आवश्यकता हो । एकीकृत उद्धार, द्रूत पूर्वाधार विकास, राज्यको उच्चस्तरीय कूटनीतिक पहल र उच्च आत्मबलका साथ नेपालको पर्यटन उद्योग फेरि अझ सुरक्षित, व्यवस्थित र समुन्नत रूपमा टाउको उठाएर उभिने छ ।

*(लेखक पर्यटन व्यवसायी हुन् ।)*



# आज कृष्ण जन्माष्टमी

प्रत्येक वर्ष भाद्र कृष्ण अष्टमीका दिनमा मनाइने श्रीकृष्ण जन्माष्टमी पर्व आज भगवान् श्रीकृष्णको पूजा आराधना गरी मनाइन्छ । संसारभरका हिन्दु धर्मावलम्बी अनि श्रीकृष्णका भक्तहरूले आज प्रिय भगवान कृष्णको जन्मदिवस मनाउँदैछन् ।

श्रीकृष्ण जन्माष्टमी पर्व मनाउनेले बिहान सबेरै नुहाइधुवाइ गरेर व्रत बस्छन् । दिनभर जल वा फलफूल मात्र खाएर पूर्ण रूपमा सात्विक बस्छन् । मध्यरातमा श्रीकृष्णको धातुको प्रतिमालाई पञ्चामृतले स्नान गराइदिन्छन् ।

हातमा मुरली, शिरमा मयूरको प्वाँख, शीतल बगैंचामुनी, जीवजन्तुहरूको साथमा गोपिनीहरूको मायामा बाँसुरीको मधुर धुन यस्तै वातावरणमा विराजमान प्यारा भगवान श्रीकृष्ण आजैको दिन मामा कंशको कैदमा रहेका पिता वासुदेव र माता देवकीको गर्भबाट जन्म भएको मान्यता रहिआएको छ ।

कृष्ण जन्माष्टमीलाई सातम आठम, गोकुलष्टमी, अष्टमी रोहिनी, श्रीकृष्ण जयन्ती, श्री जयन्ती वा कहिलेकाँही साधारण भाषामा जन्माष्टमी भन्ने गरिन्छ । पुराणहरूका अनुसार द्वापरयुगमा भाद्र कृष्ण अष्टमीको मध्यरात रेवती नक्षत्रमा भगवान् विष्णु आठौं अवतारका रूपमा कृष्ण जन्मिएका हुन् ।

**किन गरिन्छ त श्रीकृष्णको पूजा ?**

आजको दिनमा श्रीकृष्णको पूजा आराधना गर्नाले सन्तान प्राप्ति हुने, लामो आयु प्राप्त हुने र समृद्धि प्राप्ति हुने विश्वास गरिन्छ । यस पर्व मनाउनुले हरेकको मनोकामना पूरा हुने आस्था राखिन्छ । धर्म ग्रन्थ अनुसार जुन व्यक्तिको चन्द्रमा कमजोर छ, उसले श्रीकृष्णको पूजा गरेमा उसलाई अधिक लाभ मिल्छ ।

आजका दिनमा प्रेम र दाम्पत्य सुखका लागि राधा-कृष्णको, सन्तान प्राप्तिका लागि बालक कृष्णको र अन्य मनोकामना पूरा गर्नका लागि बंशीवाला कृष्णको मूर्ति बनाई पूजा गर्ने  गर्ने गरिन्छ । श्रीकृष्णको पूजामा कालो रङ बर्जित छ । यासम्मकी मन्दिरमा जान समेत कालो रंगको प्रयोग नगर्नु उचित देखिन्छ । श्रीकृष्णको पूजा आराधनाका लागि श्रृंगारमा फूल र गोपी चन्दनको प्रयोग उचित मानिन्छ ।

## आजको राशिफल



ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क नं. : ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -**
आज समयले साथ दिएको छ, नचिताएको ठाउँबाट धन आगमन हुँदा मन तथा परिवारजन खुशी हुनेछन् ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -**
बुद्धिको उपयोगले धन आर्जन गर्ने समय छ, आफ्नो विचारले धेरै प्रभावित हुनेछन्, शुभ खबर सुन्न पाइने छ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -**
धार्मिक तिर्थयात्रा हुनेछ, यो समयमा साथीभाइको पूर्ण सहयोग पाइने छ, शत्रुमाथि विजय प्राप्तिको योग छ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -**
समय अत्यन्तै बलवान छ, मान-सम्मानमा मिल्नेछ, शुखद् खबर सुनिने छ व्यापार-व्यवसायमा राम्रो नतिजा प्राप्त हुनेछ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)**
स्वास्थ्य प्रतिकुल बनेर जानेछ, अनावश्यक झमेलाबाट छुटकारा मिल्ने योग छ, कसैसँग वादविवाद नगर्नुहोला ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)**
यथेष्ट धनलाभको योग छ, बोली तथा वाणीको प्रभावमा वद्धि हुनेछ, मिष्ठान्न भोजनको योग छ, मन प्रफुल्ल रहला ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते)**
बोलिको भरमा विशेष काम बन्ने योग छ, बोलिमा विचार पुऱ्याउनुहोला, स्वास्थ्यमा समस्या देखिन सक्छ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)**
पराक्रम बढेर जानेछ, बिग्रन लागेको काम बनिनाले हौशला बढ्नेछ, छोटो दुरीको यात्रा हुनेछ, मन हर्षित रहला ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)**
मनमा उत्साह, उमँग बढ्ने छ, नयाँ कामको योजना बन्नेछ,  मावलीबाट शुभ समाचारको योग छ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)**
कार्यसिद्धी हुने दिन छ, मान-सम्मानमा मिल्नेछ, स्वास्थ्य तथा भाग्यले साथ दिनेछ, पारिवारिक भेटघाट हुनसक्छ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द)**
अधुरा रहेका कामहरू सिद्ध हुने दिन छ, उच्च अधिकारीबाट साथ, सहयोग र हौशला मिल्नेछ, मन हर्षित हुनेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)**
पारिवारिक कारणले मनमा विशेष काम बन्नेछ, रमाइलो यात्रा गर्नुपर्नेछ, खर्च बढेर जानेछ खर्चिलो योग रहेको छ ।

मिति २०८३/०५/१८ बिहीबारको
सुनचाँदी मूल्य
छापावाला
सुन प्रति तोला
रु. ३,०४,९००/-
चाँदी
प्रति तोला
रु. ४,७२५/-

